# जी. शाहका गीतमा अन्तरनिहित राष्ट्रियता र मानवीय संवेदनाका समृद्ध पक्ष

*भीम खरेल*

विक्रमको २०३० का दशकबाट नेपाली गीतजगत्मा देखा पर्नुभएका गीतकार जी.शाह नेपाली गीतजगत्का अत्यन्त संवेदनशील, राष्ट्रवादी र जीवनवादी चिन्तक हुनुहुन्छ। उहाँका सिर्जनाहरूले राष्ट्रिय अस्तित्वका अहम् प्रश्नहरूलाई, राष्ट्रियताका जीवन्त सन्दर्भलाई र मानवीय जीवनका, मानवीय आस्थाका, मानवीय भरोसाका र मानवीय स्वभावका अनेकौं पक्षहरूलाई सरल र हार्दिकरूपमा अभिव्यक्त गरेका छन्।

वि.सं. २००७ सालपछिको उन्मुक्त वातावरण र त्यसमा पनि खास गरेर कवि स्व. म.वी.वि. शाहलगायतका गीतकारहरूको संलग्नतापछि नेपाली गीतिसाहित्यमा विकसित भएको राष्ट्रवादी र जीवनवादी गीतिकाव्यधारामा सम्मिलित हुने अग्रसरता गीतकार जी. शाहमा तीव्र रहेको छ। गीत सिर्जनाका लयविधानमा होस् अथवा शैलीशिल्पमा होस् अथवा गीतिसंरचनाका पक्षमा होस् यी समग्र पक्षलाई समयसापेक्ष बनाउने सामर्थ्य शाहको गीतकारमा सशक्त रहेको अनुभव हुन्छ। मूलतः यही राष्ट्रिय चिन्तन र मानवीय संवेदनाका नजिक रहेकै कारण गीतकारले आफू बाँचेको युग र समाजलाई अनि मानवजातिलाई नैतिक र आध्यात्मिक उज्यालो दिने चेष्टा पर्याप्त गरेको पाइन्छ।

'हे युवा तिमी हौ देशको शक्ति तिमी हौ देशको भक्ति' राष्ट्रिय गीतबाट गीत सिर्जनाको क्रम सुरु गर्नुभएका गीतकार जी. शाह "बाँच्नु नै छ यदि भने बाँच नेपाली भै', गाउँछन् गीत मेचीका जहाँ निर्मल लहर", हुँदै विक्रमको २०४६ मा 'मेरो जात भन्नु नै यो माटोको सुवास', गीतसम्म आइपुग्दा राष्ट्रिय गीत सिर्जनामा क्रमिक आरोहमा रहेको भेटिन्छ। यी राष्ट्रिय गीत रचनामा गीतकारको गीत रचना गर्ने शक्ति, विषयवस्तुको संवेदनशीलता एवम् गीत रचना गर्ने प्रविधिक्षमतामा, गीतरचनाको लगात्मकतामा, भाषा शैलीका पक्षमा, गीतले व्यक्त गरेका मनोभाव र भावनाहरूको पक्षमा एवम् गीतको प्रस्तुतिको कुशलताको पक्षमा यी चारैवटा गीत अत्यन्त बेजोड गीतका रूपमा देखापरेका छन्। यसर्थ राष्ट्रिय रचनाको स्वर, राष्ट्रियताको स्वर र देशभक्तिको स्वरका दृष्टिमा पूर्ववर्ती रचनाकार महाकवि देवकोटा, बालकृष्ण सम, कवि म.वी.वि.शाह, कविवर माधव घिमिरे वा उत्तरवर्ती अनेकौं स्रष्टाहरूले निर्माण गर्दै ल्याएको नेपाली राष्ट्रिय भावधाराको जुन एउटा महान् र उत्कृष्ट परम्परा छ त्यस परम्परासँग आबद्ध हुँदै त्यस परम्परामा आफ्नो छुट्टै पहिचान बनाउन गीतकार शाह सफल रहेको पाइन्छ।

यथार्थमा गीतकार जी. शाह राष्ट्रियभावधाराका गीतकार हुनुहुन्छ। उहाँका देशप्रेमसम्बन्धीका अभिव्यक्तिहरूले हाम्रा राष्ट्रिय आस्थागत मूल्य मान्यतालाई आदर्शरूपमा अभिव्यक्त गर्ने आग्रह राखेका छन्। र, यी समग्र आस्थाका केन्द्रस्थलका रूपमा एकातर्फ हाम्रा अग्रजहरूले अभिव्यक्ति दिँदै आएको राष्ट्रपरक लामो परम्परालाई आत्मसात् गरिएको छ भने अर्कातर्फ समकालीन परिस्थितिमा उठेका राष्ट्रिय सङ्गति र विसङ्गतिका अनेकौं पक्षहरूलाई नजिकबाट आत्मसात् गर्ने मान्यतामा अग्रसर रहेका पाइन्छ। यसर्थ, ऐतिहासिक विशेषतालाई स्वाभिमानपूर्वक प्रतिष्ठित गर्ने आग्रह होस् वा भविष्य निर्माण गर्ने सजीव कामनाको केन्द्रस्थलका रूपमा देशलाई नजिकबाट आत्मसात् गर्ने र राष्ट्रियताको मानचित्रमा उतार्ने प्रयत्नमा होस् वा जागृति र सुधारका समग्र अभियानका पक्षमा होस् गीतकार जी. शाहको स्रष्टामा विकसित भएको राष्ट्रिय स्वत्वबोध समकालीन नेपाली गीतका फाँटमा सहज, सरल र मनछुने रहेको प्रतीत हुन्छ।

बाँच्नु नै छ यदि भने, बाँच नेपाली भै
बोल्नु नै छ यदि भने, बोल नेपाली नै
आमाको नै गर यदि गर्ने भए याद

भएकोमा नेपाली नै बाँच गर्वसाथ ।

दुई हात जोड्ने भए, जोड नेपाललाई
आमालाई रोज पाउने भए ईश्वरलाई
सुन-हीरा यहीं खोज नगरेर बेर
आफूलाई पाउने भए नेपाललाई हेर ।

मुटुभरि छातीभरि नेपाली भै बाँच
हर सास-सास मेची-काली लिई बाँच
माटोपारि पवित्र यो धरतीको बाँच
नेपाल यो तातो रगत लिई बाँच ।

नेपाली हो भने तिमी, बोक नेपाललाई
मुटुको त्यो धड्कनमा, साँच नेपाललाई
नेपालकै माया गर, माया लाग्छ भने
नेपालकै निम्ति गर, मर्नुपर्छ भने ।

जी. शाहका गीतहरू संवेद्य छन् । उहाँका गीतमा अभिव्यक्त देशप्रेमका धूनहरूले वर्तमान परिस्थितिको समयसापेक्षित मूल्य कायम गरेका छन् । वर्तमानमा दिन प्रतिदिन विभाजित हुँदै गएको राष्ट्रिय शक्तिलाई राष्ट्रोत्थानको कार्यमा लाग्न शाहका गीतले बारम्बार आग्रह गरेका छन् । ती आग्रहमा कहीं ऐतिहासिक महत्वका वस्तुहरूलाई संरक्षण गर्ने कामना व्यक्त भएका छन् भने कहीं राष्ट्रलाई सत्मार्गमा डोऱ्याउने सजीव कामना व्यक्त भएका छन् । यस सन्दर्भमा समकालीन नेपाली गीतकारहरूका सापेक्षतामा शाहका गीतहरू निश्चितरूपमा नवीन प्रतीत हुन्छन् । वीरहरूको त्याग, बलिदानीपूर्ण भावना, सौन्दर्यप्रतिको मुग्धता, कर्तव्यनिष्ठताको समयसापेक्ष आह्वान आदिका पृष्ठभूमिमा अभिव्यक्त यी गीतहरूमा कहीं देशको मायाले मन जितेको देखिन्छ भने कहीं मनले देशप्रतिको आफ्नो दायित्व निर्वाह गरेको भेटिन्छ । वस्तुतः माटो, व्यवस्था र सर्वोच्च नेतृत्व नै प्रत्येक देशभक्तको निम्ति सबभन्दा प्रिय र आदरणीय वस्तु हुन् । यस पक्षमा जी. शाहका गीत अत्यन्त सचेत र सबल प्रतीत हुन्छन् । यसैले पनि उहाँका गीतमा देशप्रतिको माया ममताको उच्च आदर्श व्यक्त छ, देशको वस्तुबोध अभिव्यक्त छ, मानवीय संवेदनाका स्वरहरू प्रखररूपमा अनुभूत गरिएका छन्, गौरवशाली हाम्रा स्वत्वलाई आत्मसात् गरिएका छन्, हाम्रा विश्वास र आस्थामा हामी उभिन सक्छौं भन्ने भावना प्रबल रहेका छन् । साथसाथै हाम्रा तन्नेरी पाखुराभित्र लुकेका अदम्य साहस र वीरताप्रति आशा र भरोसा व्यक्त छ, भाषा र जातिप्रति माया र ममता व्यक्त छ भने अर्कातर्फ समग्र राष्ट्रिय उत्थानको धोको छ, जागरणको स्पन्दन छ, भोलिका सुनौला दिनप्रति अपार विश्वास छ । अनि कहीं हामीभित्रै जन्मिँदै गएका विकृति र अनास्थाप्रति विद्रोह पनि छ । मूलतः वर्तमान समयमा उभेका यिनै समग्र वस्तुबोधहरू माटो र भाषाप्रतिको ममतामा रूपान्तरित भएका छन्, नेपाल र नेपालीको समृद्धिको कामनामा अनुवाद भएका छन् र यिनै जीवन्त अनुभूतिहरूले माटो र मान्छेको
जीवन्ततालाई अटाइरहने आग्रह राखेका छन् ।

हे युवा तिमी हौ देशको शक्ति, तिमी हौ देशको भक्ति
तिमी हौ देशको रक्षक, तिमी हौ देशको पालक

नेपाल मातालाई उचालौं, नेपाल मातालाई बढाऔं
तिमी हौ हिजोको गरिमा, तिमी हौ आजको निर्माता
तिमी हौ भोलिको नेता, तिमी नै हौ सबैको महिमा

नेपाल मातालाई सिंगारौं, नेपाल मातालाई फुलाऔं
तिमीले सोचे जे पनि हुन्छ, तिमीले गरे जे पनि बन्छ
तिमीले हेरे जे पनि फुल्छ, तिमीले देखे जे पनि फल्छ ।

***

मेरो जात भन्नु नै यो माटोको सुवास
मेरो रङ्ग देशमा फुल्ने लाली गुराँस
मेरो चाह भन्नु नै यो देशको छहारी
मेरो सुख देशमा फुल्ने शान्त बिहानी ।

हरियाली देशको मेरो सङ्लो पिरती

हामीभित्रै पनि अनेकता छन् । हामीभित्रै पनि विविधता छन् । हामीभित्रका यी अनेकौं विविधतालाई भाषा र संस्कृतिले एउटै मालामा उन्ने प्रयत्न नगरेका पनि होइनन् । अर्कातर्फ माटो जाति र संस्कृतिका विरुद्ध हिजो कति युद्धहरू बोले भने आज पनि कति युद्धहरू बोल्दैछन् । माटोका मौन पुकार हामीले सुनेनौं । जाति र संस्कृतिको महत्वलाई हामीले बुझिरहेका छैनौं । मूलतः हिमाली पाखाका यिनै सुस्केराहरू, बिन्तीहरू, माटोका यिनै मौन प्रार्थनाहरू, पाटोका यिनै अव्यक्त आग्रहहरू, चौतारीका सुनसान वेदनाहरू अनि यस धरतीका धरती पुत्रहरूले बोकेका यस्तै अनेकौं संवेदनाहरू जी. शाहका गीतमा सचेतरूपमा अभिव्यक्त भएका पाउन सकिन्छ ।

मेरो बल्दो मुस्कान यो देशको किरती
मेरो आशा भन्नु नै यो देशको सपना
मेरो सास-सासमा यो देशको रटना ।

यो देशको जाँगर हो मेरा दुई पाखुरा
यो देशको गौरव हो म पुग्ने टाकुरा
मेरो हाँसो उमङ्ग यो देशको लहर
मैले जिउने जिन्दगी यो देशको रहर ।

मूलतः गीतकार जी. शाहको गीत सिर्जनाको समृद्ध पक्ष हो- राष्ट्रियता । राष्ट्रिय गीतरचनाबाटै आफ्नो गीत सिर्जना यात्रा प्रारम्भ गर्नुहुने गीतकार शाह आफ्नो सिर्जनाको प्रारम्भिक कालमा राष्ट्रिय चेतनाका दृष्टिले अत्यन्त तीव्र र संवेदनशील देखापर्नु हुन्छ । अन्तर्राष्ट्रियजगत्मा देखापरेका विसङ्गति र त्यसको प्रभावले दिन प्रतिदिन लोप हुँदै गएको राष्ट्रियताप्रतिको चिन्ता र ती सम्पूर्ण विसङ्गति र विभ्रान्तिबाट राष्ट्रको अखण्डता जोगाउने अग्रगामी चैतन्य शाहका गीतमा उद्‌बोधित छन् । वस्तुतः गीतकार जी. शाहका गीतले जीवन र राष्ट्रका यिनै अनेकौं विवशता र वीभत्सतालाई यथार्थमा अनुभव गरेका छन् । यस बीचमा कैयौं राष्ट्रको अस्तित्व विलयको अवस्थामा पुगेको पनि देखेको छ । परन्तु शाहको कर्मवादी गीतकार यी सबदेखि हार्दैन बरु राष्ट्रका यी विवशता र अप्ठ्यारा अवस्थालाई जित्तै लाने कामना राखेको छ । उहाँका रचनामा राष्ट्र र मानवीय जीवनका हरेक संवेदनाहरूमा सत्यम् शिवम् सुन्दरम्को रङ्ग रोगन भर्न सकिन्छ भन्ने कर्मवादी धारणा सशक्तरूपमा उठेको छ । प्रथमतः गीतकार जी. शाहभित्र हुर्किएको यही प्रखर राष्ट्रिय भावनाले समग्र राष्ट्रिय संवेदनालाई भावमूलक बनाएको पनि छ । यही सशक्त राष्ट्रिय गीतिचेतनाले राष्ट्रिय संवेदनाको अन्तस्तलको स्पर्श प्राप्त गर्दै विशिष्ट राष्ट्रिय मुद्रामा उदाएको छ । र, यतिखेरै गीतकार शाहभित्रको तीव्र र संवेदनशील राष्ट्रिय स्वर-सन्धानले ओजस्वीता पनि प्राप्त गरेको छ । गीतकार जी. शाहका गीतमा प्रवाहित रहेको यही राष्ट्रिय भावना र मानवीय संवेदनाका स्वरहरूले उहाँलाई यस युगका विशिष्ट गीतकारका रूपमा स्थापित गरेको अनुभव गर्नसकिन्छ ।

युवक देशको आशाको केन्द्रबिन्दु हो । ऊ सही बाटोमा हिंड्दा देश माथि उठ्छ । उसले बाटो बिरायो भने देशको अस्तित्वमा दाग लाग्न सक्छ । त्यसैले यो पुस्ता कतै नबरालियोस् भन्ने चाहना देशको हुन्छ, आमाको हुन्छ र हरेक शुभेच्छुकको हुन्छ । यस युवावर्गले अतीत र वर्तमानमा बगाएको रगत र पसिनाको मूल्यको महिमा देशले एउटा ठूलो प्राप्ति मानेर गाइरहेको हुन्छ । मूलतः युवक आमाबाबुको मात्र सपना होइन, देशको पनि सपना हो । यसले बाटो बिराएर हिड्यो भने देशको सपना भङ्ग हुनसक्छ । युवाप्रतिका यिनै अनेकौं आस्था र विश्वासलाई समय-सन्दर्भमा जागृत गर्ने कामना गर्दै सिर्जनामा लाग्न, जीवन र जगत्का पक्षमा क्रियाशील रहँदै आकृति र आस्थाका पक्षमा सक्रिय भएमात्र हामी उठ्छौं, हाम्रो राष्ट्र उठ्छ, हाम्रो सभ्यता र स्तर उठ्छ भन्ने कर्मवादी धारणा व्याप्त छन् । आखिर हामीले चाहेको हाम्रो सुन्दर भविष्य, समृद्ध राष्ट्र र ईश्वरीय आनन्द पनि हामीभित्रै छ । त्यसलाई पाउन हामी सबैको अलिकति समर्पण हुनुपर्छ, अलिकति त्याग हुनुपर्छ र अलिकति बलिदानी भावना हुनुपर्छ । यति हुनसके मेची-काली उठेको अनुभव गर्नसकिन्छ । कोशी-गण्डकी र कालीका छाललले देशकै महिमाको सङ्गीत अलाप्दै उठेको अनुभव बटुल्न सकिन्छ भने उता हिमालले सगरलाई चुम्बन गर्दै अग्लँदै अग्लँदै उठेको अनुभव सङ्गाल्न सकिन्छ । अतः माटोका सुवास, देशमा फुल्ने शान्त बिहानी, माटोप्रतिका सङ्ला र आदर्श पिरती, हाम्रा आशा र विश्वासमा बाँचेको देशको सपना, हाम्रा दुई पाखुरामा हुर्केका जाँगर, देशको उमङ्ग र हाँसोमा उर्लेका रहरजस्ता अनेकौं गौरवहरूलाई सबैले सधैंका लागि प्राप्त गर्न सकिन्छ भन्ने अद्वितीय भावना व्यक्त भएका पाउन सकिन्छ ।

कति भार खप्छ जीवन साढे छ के भनेर
कति मार खान्छ जीवन साढे छ के गनेर

तर गै नहार्नु हिम्मत हो नाम जिन्दगीको
आखिरसम्म सहनु हो शान जिन्दगीको ।

कैयौँ बहार फेरि छाउँछ यै जीवनमा
रङ्गीन स्वप्न कैयौं छाउँछ यै जीवनमा
तर खाइ गम ती भोग्नु हो काम जिन्दगीको
बाँच्नु अगाध मनले हो मान जिन्दगीको ।

के रङ्ग फेर्छ जीवन यसको सवाल छैन
के दृश्य देख्छ जीवन यसको जवाफ छैन
तर हाँस्नु सब हँसाइ हो गीत जिन्दगीको
मुस्काइ आँसु पिउनु हो जीत जिन्दगीको ।

***

तोड्नु छ कति यस्ता पर्खालहरू
जसलाई अभिशापका लहराहरूले सजाउँदै गए
दोष न त तिम्रो भन्छु न त मेरो
बगिरहेको जीवनको एक पाना भन्छु ।

च्यात्नु छ कति यस्ता तस्वीरहरू
जसलाई वियोगको रङ्गले सिंगार्दै गए
दोष न त तिम्रो भन्छु न त मेरो
मुस्काइरहेको मौसमको एक काँडा भन्छु ।

गीतकार जी. शाहको गीत लेखनको अर्को पक्ष हो- मानवीय संवेदनाप्रतिको आग्रह । मान्छेले सम्हालेका, उठाएका र सङ्गालेका अनेकौं संवेदनाहरूलाई उहाँले आफ्ना गीतमा अत्यन्त नजिकबाट छोएको पाइन्छ । मानवीय जीवनका हरेक पक्षले मानवीय अस्मितामा त्यतिकै भूमिका खेलेका हुन्छन् र यथा-सन्दर्भमा तिनको उत्तिकै महत्व रहेको हुन्छ । नेपाली गीत परम्परामा नारीभाव, प्रेमगतभाव, रोमाण्टिक भावधारा आदिका माध्यमबाट मानवीय संवेदनाहरू अभिव्यक्त हुँदै आएझैं गीतकार जी. शाहका गीतरचनामा पनि यी प्रवृत्तिहरू अत्यन्त सशक्त र संवेद्य रहेका अनुभूत गर्न सकिन्छ । मूलतः आधुनिक नेपाली गीतले अभिव्यक्ति दिंदै आएको मानव-जीवनचिन्तनको भावधारामा शाहको स्रष्टा नजिकबाट उठेको छ । उहाँका रचनामा अभिव्यक्त भएको मानवीय संवेदनागत अभिव्यक्ति सामान्यजस्तो लागे तापनि त्यहाँ जीवनका हर पक्ष र हर संवेदनाहरूको र हर कोणहरूको गहिरो चिन्तन भेटिन्छ । प्रथमतः मान्छेले सम्हालेका र सञ्चित गरेका मानवीय चेतना र सामाजिक मूल्य मान्यताका माझबाटै मान्छेले बोकेका, मान्छेले भोगेका गुहारका आग्रहहरूलाई आत्मसात् गर्दै उपचार गर्न आग्रह गर्ने र समग्रमा सम्हाल्ने प्रयत्नहरू अभिव्यक्त छन् । वस्तुतः मानवजीवनका स-साना घाउहरू, चस्काहरू र खाटाहरूको बीचबाटै कवि शाहको जीवनचिन्तनको धरातल उठेको छ । यद्यपि एक स्रष्टाका अनुभूतिमा मात्र मानवजीवनका समग्र धरातलहरू खोजिनु हुन्न र त्यसलाई आफैमा अपूरो र अधुरो ठान्नु हुँदैन । यति भनिरहँदा पनि गीतकार जी. शाहका चिन्तनका फाँटहरू त्यति साँघुरा छैनन् । बरु गीतकार शाहको जीवनचिन्तनको फाँट जति सरल, सहज र संवेद्य छ त्यति नै त्यसले उठाएका दूरचिन्तनहरू र दूरप्रभावहरू सशक्त छन्, प्रभावशाली छन् र ग्राह्य छन् ।

प्रथमतः मानवीय संवेदनाका स्वरहरू निरन्तररूपमा अभिव्यक्त हुने र समय-सन्दर्भमा अभिव्यक्त गरिने र यथासमयमा अनुभूत गरिने एउटा निरन्तरको प्रयत्न हो, गति हो । यसलाई जति नजिकबाट छोइयो र जति नजिकबाट उठाइयो, आत्मसात् गरियो त्यति नै छोइने र बिझ्ने भएर पो उठ्छ । फेरि आफूमा बोध हुनु अथवा आफूले आत्मसात् गर्नु मात्र पनि सम्पूर्ण यथार्थ होइन र जति अनुभूत भयो, जति बोध भयो त्यतिमात्र पनि सत्य होइन । र, यथार्थमा आफूले अनुभूत नगरेका वा आफूले नदेखेका यथार्थता पनि कम महत्वपूर्णका हुँदैनन् । मानवजीवन र जगत् यहीं समग्र यथार्थगत धरातलमा उठेको छ, विकसित छ । शाहको कवित्व यही यथार्थ परिधिमा विकसित हुनेतर्फ प्रयासरत छ । र, यही धरातलमा विकसित भएका सामाजिक सङ्गति र विसङ्गतिहरू भोग्न वाध्य जीवन कतिपय मूल्यमा हार्नै नसकिने आहातमा पिल्सिएका छन् भने कतिपय अवस्थामा नकार्न नसकिने पीडाहरूमा बाँचेका अनुभूतिहरू शाहका सिर्जनामा निकै जीवन्त छन् । मनोविज्ञान, जीवविज्ञान, यौनविज्ञान आदिका प्रभावमा विकसित हुँदै आएको मानवीय संवेदनाको स्वर आजका मान्छेको समग्र चिन्तन हो । ईश्वर, आत्मा र परमात्माको विश्वासमा उठेको, हुर्केको हाम्रो चिन्तनमूलक धारा यस पछिल्लो समयमा आएर त्यस धारा र मान्यताबाट अलिमाथि उठेर जीवविज्ञान र यौनमनोविज्ञानका आधारशिलामा विकसित हुन पुगेको पाइन्छ । यसर्थ आजको मानवीय संवेदनाको धारा पुराना र रुढीग्रस्त मान्यतामा अल्झिएको छैन । बरु आजका समग्र स्रष्टाहरू जीवन के हो ? जीवनको चाहनाका सीमाहरू कति हुन् ? जीवनका आदर्शहरू के के हुन् ? जीवनका उपलब्धि र प्राप्तिहरू के के हुन् ? र कति उपलब्धिमा सन्तोष गर्ने ? मानवीय संवेदनाको हद कति हो र कतिसम्म सहनेजस्ता विविध मूल्य र सोचतर्फ बढी आकर्षित हुँदैगएका छन् । यी समग्र सन्दर्भहरूमा जी.

शाहका गीतलाई हेर्दा तिनमा व्यक्त मानवीय संवेदनाका स्वरहरू मानवीय संवेदनाप्रतिका आग्रहहरू जीवनका उत्सर्गगत प्राप्तितर्फ बढेका छन् ।

सङ्क्षेपमा भन्नुपर्दा गीतकार जी. शाहका रचनाले राष्ट्रियता र मानवजीवनका आस्था र विश्वासलाई प्रकट गरेका छन् । आजको राष्ट्र र मान्छेले भोगेका समग्र अवस्थालाई अभिव्यक्त गरेका छन् । राष्ट्र र मानवजीवनलाई सुन्दररूपमा उठाउने कामना अभिव्यक्त छन् । अनि मान्छेले सञ्चित गरेको ज्योतिको दिव्यघाम मान्छेकै निम्ति पारिलो फाँट हुनुपर्छ भन्ने कामना अभिव्यक्त छन् । नेपाल राष्ट्रको अस्तित्व आफ्नै स्वाधीनता र पौरखमा उठ्नुपर्छ भन्ने आग्रह उद्बोधित छन् ।